नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२ चलानी नं.:- ४२

मितिः-२०८१/०४/३२

ने.सं.११४४ गुँलाथ्व ११

विषयः- आ.व. २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजानाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन सम्वन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. pmep/३४, मिति २०८१/०४/२८ को आ.व. २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजानाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन सम्वन्धी पत्र र सोसाथ प्राप्त मार्गदर्शन आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

.................

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम, सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।

सङ्घीय मा.म.

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# प्रधानमन्त्री रोजगार कार्यक्रम

सिहंदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ८-०८१।०८२
च. नं./pmep/ ३४

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

मिति: २०८१।४।२८

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २३६
दर्ता मिति:- ४/३०

स्था. शा. ७४ ४।३०

श्री गाउँ तथा नगर कार्यपालिकाको कार्यालय, सबै।
मार्फत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

बिषय: आ.व. २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन।

आर्थिक वर्ष २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तहाँ स्थानीय तहमा सशर्त अनुदान वित्तिय हस्तान्तरण मार्फत प्राप्त भएको व्यहोरा विदितै छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ उपदफा (२) बमोजिम देहायका शर्तको अधिनमा रही बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार (सचिवस्तर) मिति २०८१।४।२८ गतेको निर्णयानुसार अनुरोध छ।

साथै, मार्गदर्शन यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

स्थानीय तह समन्वय शाखा
पत्रान्वार्‍ [illegible]
४/३०

२०८१।०४।२८
(नवराज सुबेदी)
शाखा अधिकृत

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

मितिः २०८१।४।२८

श्री गाउँ तथा नगर कार्यपालिकाको कार्यालय, सबै।
मार्फत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

**बिषय:** <u>आ.व. २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन।</u>

आर्थिक वर्ष २०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तहाँ स्थानीय तहमा सशर्त अनुदान वित्तिय हस्तान्तरण मार्फत प्राप्त भएको व्यहोरा विदितै छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ उपदफा (२) बमोजिम देहायका शर्तको अधिनमा रही बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार (सचिवस्तर) मिति २०८१।४।२८ गतेको निर्णयानुसार अनुरोध छ।

**(क) <u>श्रोतको विवरण:-</u>**

(१) अनुदान रकम देहायका श्रोतबाट उपलव्ध गराईएको छ:-

क) बजेट उपशिर्षक नं. ३७१००१०२ अन्तर्गत नेपाल सरकारको नगद अनुदान तर्फबाट सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम।

ख) बजेट उपशिर्षक नं. ३७१००१०३ अन्तर्गत आई.डि.ए. को सोधभर्नामा आधारित ऋण सहायताबाट सञ्चालित युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना।

**(ख) <u>बजेट तथा योजना तर्जुमा प्रक्रिया</u>**

(२) बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न "स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)" र राष्ट्रिय योजना आयोगबाट प्रकाशित "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८" अनुसार बजेट तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ।

(३) ब.उ.शि.नं. ३७१००१०२ र ३७१००१०३ अन्तर्गत विनियोजन भएको बजेटमा स्थानीय तहबाट श्रोत तथा बजेट साझेदारी गरी कार्यक्रम तथा आयोजना सञ्चालन गर्न सकिनेछ।